# स्थानीय राजपत्र


**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ७) घ्याङलेख, साउन ०१ गते, २०८० साल (अतिरिक्ताङ्क ०२


## भाग १

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

## सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८० साल ऐन नं. ०२**

घ्याङलेख गाउँपालिका

## घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०८०

**प्रस्तावना :** घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गाउँपालिकाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) **"गाउँ सभा"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ख) **"कार्य पालिका"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **"वडा समिति"** भन्नाले घ्याङलेख गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) **"बिषयगत शाखा"** भन्नाले घ्याङलेख गाउँपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) **"संञ्चित कोष"** भन्नाले घ्याङलेख गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची १** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४६,५७,७५,६५८।००(अक्षेरुपी: ४६ करोड ५७ लाख ७५ हजार ६ सय ५८ रुपयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम बाहेक केन्द्र सरकार, प्रदेश सरकार र

आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०८०/०८१ को निमित्त घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा घ्याङलेख गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**घ्याङलेख गाउँपालिकाको आ.व. २०८०।०८१ का लागि संञ्चित कोषमा जम्मा रहने तथा सोबाट विनियोजन हुने रकम**

**घ्याङलेख गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हायुटार, सिन्धुली**

**आ.व.२०८०।०८१ को लागि १३ औं गाउँसभा प्रस्तावित एकीकृत आय व्ययको विवरण**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा बजेट शिर्षक | रकम रू. | क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | रकम रू. |
| **१** | **नेपाल सरकार** | | **१** | **प्रशासनिक तथा कार्यक्रम खर्च (अनुसूची १)** | ८१३५४९३०।०० |
| १.१ | वित्तीय समानिकरण | ७०१०००००।०० | **२** | **नेपाल सरकार सशर्तमा तोकिए बमोजिमका कार्यक्रम (अनुसूची २)** | १४६६०००००।०० |
| १.२ | सशर्त अनूदान चालु | १३२५०००००।०० | **३** | **प्रदेशका सरकार सशर्तमा तोकिए बमोजिमका कार्यक्रम (अनुसूची ३)** | १७१२२०००।०० |
| १.३ | सशर्त अनूदान पूजीगत | १४१००००००।०० | ४ | सडक बोर्ड नेपालको सहमति बमोजिम सञ्चालन हुने योजना | १४०००००।०० |
| १.४ | राजस्व वांडफांड रकम | ७५५३०१००।०० | **५** | **विपद् व्यवस्थापन कोष** | २५०००००।०० |
| १.५ | समपुरक अनुदान | १७५०००००।०० | **६** | **विषयगत शाखाका थप कार्यक्रम** | ०।०० |
| १.६ | विशेष अनुदान | ६००००००।०० | ६.१ | स्वास्थ्य शाखा (अनुसूची ४) | ११५९६६५८।०० |
| १.७ | प्राकृतिक स्रोत वांडफांडबाट प्राप्त हुने रोयल्टी | ०।०० | ६.२ | शिक्षा, युवा तथा खेलकुद (अनुसूची ५) | २४८७५०००।०० |

घ्याङलेख गाउँपालिका

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा बजेट शिर्षक | रकम रू. | क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | रकम रू. |
| २ | **प्रदेश सरकार** | | ६.३ | कृषि तथा पशु विकास (अनुसूची ६) | १७७५०००।०० |
| **२.१** | वित्तीय समानिकरण | ६०५२०००।०० | ६.४ | खानेपानी तथा सरसफाई (अनुसूची ७) | ५०००००।०० |
| २.२ | सशर्त अनुदान | १७१२२०००।०० | ६.५ | महिला, वालबालिका तथा जेष्ठ नागरिक (अनुसूची ८) | १५०००००।०० |
| **२.३** | सवारी साधन कर वांडफांड रकम | १८९३४१०५।६६ | ६.६ | न्यायिक समिति (अनुसूची ९) | १३५००००।०० |
| २.४ | समपूरक अनुदान | २००००००००।०० | ६.७ | लघु उद्यम विकास कार्यक्रम (अनुसूची १०) | ९०००००।०० |
| **२.५** | विशेष अनुदान | ६००००००।०० | **७** | बहुक्षेत्रीय पोषण कार्यक्रम (अनुसूची ११) | ८०००००।०० |
| ३ | **अन्य निकायबाट** | | **८** | **कृषि तथा पशुपालन साझेदारी कार्यक्रम** | १००००००००।०० |
| ४ | **सडकबोर्ड नेपाल** | **१४०००००।००** | **९** | **समपुरक कोष (Matching Fund) (अनुसूची १२)** | **४१५५००००।००** |
| ५ | ऋणात्मक बजेट (गत आ.व.को अ.ल्या रकम, स्थानीय श्रोत/साधन परिचालन, ठेक्का पट्टाबाट हुने बचत तथा वाह्य सहयोगबाट पूर्तिगरिएको) | **७४०३७४५२।३४** | १० | **नेपाल सरकार, प्रदेश सरकारको समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरू** | ० |
| **६** | **आन्तरिक आय (ढुंगा, गिट्टी, बालुवा)** | **३००००००।००** | १०.१ | चन्दनपुर-सल्ले-केराबारी-गौरी-भैसे-बस्तीपुर-सातदोबाटो सम्म सडक निर्माण | १००००००००।०० |
| **७** | **आन्तरिक आय** | | १०.२ | प्रशासकीय भवन | ७५०००००।०० |
| ७.१ | सम्पत्ती कर | ०।०० | १०.३ | रामभेडा-जुगेपानी सडक योजना वडा नं ४ र ५ | १००००००००।०० |
| ७.२ | घरबहाल कर | २०००००।०० | १०.४ | बन्दीपुर-गोपे-मझुवा सडक योजना, वडा नं ४ | १००००००००।०० |

घ्याङलेख गाउँपालिका

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **क.सं.** | **कार्यक्रम तथा बजेट शिर्षक** | **रकम रू.** | **क.सं.** | **कार्यक्रम/आयोजना/क्रियाकलाप** | **रकम रू.** |
| ७.३ | भाडा कर | १०००००।०० | **११** | **नेपाल सरकार विशेष अनुदानमा तोकिए बमोजिमका कार्यक्रम** | ६००००००।०० |
| ७.४ | सरकारी सम्पतीबाट प्राप्त आय | ४००००।०० | **१२** | **प्रदेश सरकार विशेष अनुदानमा तोकिए बमोजिमका कार्यक्रम** | ६००००००।०० |
| ७.५ | सेवा शुल्क (स्थानिय पूर्वाधार) घर नक्सा पास तथा सेवा उपयोगमा | ५०००००।०० | **१३** | **गाउंपालिका स्तरीय योजना तथा कार्यक्रम (अनुसूची १३)** | ३८९७५०००।०० |
| ७.६ | सिफारीस दस्तुर (स्थानीय तहबाट हुने सिफारीस) | १०००००।०० | **१४** | **आ.व. २०८०।०८१ का नया वडास्तरीय कार्यक्रम** | ०।०० |
| ७.७ | विज्ञापन कर | ७०००००।०० | १४.१ | वडा नं. १ का वडा स्तरीय आयोजनाहरू (अनुसूची १४) | ४००००००।०० |
| ७.८ | व्यवसाय कर | ५००००।०० | १४.२ | वडा नं. २ का वडा स्तरीय आयोजनाहरू (अनुसूची १५) | ३००००००।०० |
| ७.९ | भूमिकर (मालपोत) | ४०००००।०० | १४.३ | वडा नं. ३ का वडा स्तरीय आयोजनाहरू (अनुसूची १६) | ४००००००।०० |
| ७.१० | दण्ड जरिवाना | ५५००००।०० | १४.४ | वडा नं. ४ का वडा स्तरीय आयोजनाहरू (अनुसूची १७) | २५०००००।०० |
| ७.११ | बहाल विटौरी घर जग्गा कर | २००००।०० | १४.५ | वडा नं. ५ का वडा स्तरीय आयोजनाहरू (अनुसूची १८) | ३५०००००।०० |
| ७.१२ | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | २००००।०० | **१५** | **आ.व.०७९।०८० का सरी आउने (क्रमागत) योजना तथा कार्यक्रम (अनुसूची १९)** | १६४७७०७०।०० |

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा बजेट शिर्षक | रकम रू. | क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | रकम रू. |
| ७.१३ | प्राकृतिक स्रोत को विक्री वितरणबाट प्राप्त हूने दस्तूर -वनजन्य काठय सामाग्रीहरुको विक्री वितरण) | २००००।०० | | | |
| ७.१४ | अन्य | १०००००।०० | | | |
| जम्मा | | ४६५७७५६५८।०० | जम्मा | | ४६५७७५६५८।०० |

**प्रमाणीकरण मिति :- २०८०।०४।०१**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा मुद्रित रु. ५।-**